वि.सं. १९५८ देखि निरन्तर प्रकाशित गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ॥

निरोगी सबै हुन् सबै हुन् सुशीला ।
सबै भद्र देखून् नपाऊन् कसैले दुःखीला ॥

GORKHAPATRA DAILY

# योजना छनोटमा स्थानीयवासीको उपस्थिति बढ्न थाल्यो

■ सन्तोष राउत/सोलुखुम्बु

सोलुखुम्बु, वैशाख २ गते । सोलखुम्बुमा चालू आर्थिक वर्ष सोलुखुम्बुका साविकका गाउँ विकास समितिले आयोजना गरेको योजना पहिचान तथा छनोट कार्यक्रममा स्थानीयवासीको उपस्थिति बढ्न थालेको छ ।

स्थानीय निकाय पुनःसंरचनासँगै आगामी वर्षका लागि छानिएका ती योजना कार्यान्वयनमा आउँछन् कि त्यत्तिकै फ्याँकिन्छन् भन्ने अर्फै एकिन भइनसकेको अवस्थामा योजना छनोट प्रक्रियामा सहभागी भएकाहरू भने आसन्न निर्वाचनबाट चुनिने जनप्रतिनिधिले पनि यसअघि सम्पन्न भएका गाउँ अधिवेशनबाट छानिएका योजना प्राथमिकतामा राख्नुपर्ने बताउँछन् ।

साविकको चौलाखर्क–७ का वडा नागरिक मञ्च अध्यक्ष पुण्य बस्नेत भन्नुहुन्छ, बस्तीस्तरबाटै व्यापक उपस्थितिमा छलफल गरेर स्थानीयको आवश्यकता समेटेर वडा हुँदै गाउँ परिषद्बाट पारित गरिएका योजना अब चुनिने जनप्रतिनिधिले पनि प्राथमिकतामा राखेर कार्यान्वयन गर्नुपर्छ ।

निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिले यिनै योजना कार्यान्वयन गर्लान् भन्ने आशा त छैन तथापि गत पुस महिनामा सम्पन्न परिषद्बाट पारित योजनाहरू फोहोरको टोकरीमा फ्याकिन नहुने साविकको वाकुका दिनेश राई बताउनुहुन्छ ।

गत पुस महिनामा जिल्लास्थित ३० गाविस र एक नगरपालिकाले वडा भेला हुँदै गाउँ परिषद् सम्पन्न गरेका थिए भने जिल्ला विकास समितिले साविकका नौवटै इलाकामा वडा भेला पनि सम्पन्न गरेको थियो । ती गाउँ/नगर तथा इलाका भेलामा भएको योजना छनोट प्रक्रियामा स्थानीयको उपस्थिति अत्यन्तै उत्साहजनक रहेको जिल्लामा सञ्चालित स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालना अनुगमन परियोजनाका कार्यक्रम व्यवस्थापक भोजेन्द्र बस्नेत बताउनुहुन्छ ।

स्थानीय विकास मन्त्रालय र हिमशिखर बहुउद्देश्यीय संस्था सोलुखुम्बुको समन्वयमा सञ्चालित सो परियोजनाका व्यवस्थापक बस्नेतका अनुसार परियोजनाले साविकका ३० मध्ये १८ गाविसमा भएका योजना छनोट प्रक्रियामा सहभागीको अध्ययन गरेको थियो ।

अध्ययन प्रतिवेदन अनुसार साविकका गोली, चौलाखर्क, भकाञ्जे, नेचाबतासे, नेचाबेतघारी, सल्यान, तिङ्ला, गोरखानी, केरुङ, टाप्टिङ, वाकु, बासा, काँकु, मञ्चन, कोंगिल, नेले मुक्ली र देउसा गरी १८ गाविसमा भएका वडा भेलामा पाँच हजार ६२० जनाको उपस्थितिमा सङ्कलन गरिएको योजनामध्येबाट एकीकृत योजना तर्जुमा गोष्ठी हुँदै गाउँ परिषद्बाट ३२९ वटा योजना छनोट भएका छन् ।

विगतका वर्षमा राजनीतिक दल तथा गाविसमा रहेका सीमित व्यक्तिको मिलेमतोमा योजना छनोट हुने गरेकोमा चालू आर्थिक वर्ष वडा हुँदै गाउँ/नगरबाट योजना पारित गरिएका छन् । ती योजना के हुन्छन् भन्ने अहिले नै एकिन नभएको र निर्वाचनपछि जनप्रतिनिधिले यसको टुङ्गो लगाउने जिल्ला समन्वय समितिका संयोजक कृष्णप्रसाद सापकोटा बताउनुभयो ।

विभिन्न जनचेतनामूलक कार्यक्रमलगायतको प्रभावका कारण चालू आर्थिक वर्षमा वडा हुँदै गाविस/नगर तथा इलाकासम्मका योजना छनोट प्रक्रियामा स्थानीयको उत्साहजनक सहभागिता रहेको थियो । उत्साहपूर्ण रूपमा बस्तीबाटै छानिएका योजना आसन्न निर्वाचनपछिका जनप्रतिनिधिले पनि प्राथमिकतामा राख्नुपर्ने स्थानीयको माग छ ।